व्यापार सर्वेक्षण, २०६५

Distributive Trade Survey, 2008

निर्देशिका

नेपाल सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

केन्द्रीय तथ्याङ्क विभाग

रामशाहपथ, थापाथली

काठमाण्डौ

फोन नं. ४२४५८४८, ४२४५९४६, ४२४५९४७, ४२४५९४८

km\ofS; gDj/ (&&–!–$@@&&@)

व्यापार सर्वेक्षण, २०६५

परिचय :

अर्थतन्त्रका प्रमूख क्रियाकलापहरु मध्ये व्यापार (Trade) क्षेत्र पनि एक हो। यस क्षेत्रलाई आन्तरिक ब्यापार र वैदेशिक ब्यापार गरि दुई भागमा बाँड्न सकिन्छ। आन्तरिक ब्यापार अन्तरगत मुलुक भित्र हुने विभिन्न प्रकारका ब्यापारहरु मध्ये वस्तुहरुको थोक तथा खुद्रा व्यापार सम्बन्धी आर्थिक क्रियाकलापहरुको (Economic Activities on Wholesale and Retail Trade) अर्थतन्त्रमा उल्लेख्य योगदान रहेको हुन्छ। तसर्थ व्यापार क्षेत्रमा भईरहेको परिवर्तन र विद्यमान अवस्थाको बारेमा यथार्थपरक जानकारी राख्न व्यापार तथ्याङ्कको संकलन अपरिहार्य हुन्छ। यसै सिलसिलामा यस क्षेत्रको तथ्याङ्कको आपूर्तिलाई सुनिश्चित गर्न राष्ट्रिय योजना आयोगको सचिवालयको आर्थिक परामर्श सेवा एकाइ र केन्द्रीय तथ्याङ्क विभाग अन्तरगतको वितरणात्मक व्यापार सर्वेक्षण आयोजना (Distributive Trade Survey Project) कार्यान्वयन एकाइ बीच सम्झौता भई केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक तथ्याङ्क महाशाखा अन्तरगत ब्यापार तथ्याङ्क शाखाको अगुवाइमा ब्यापार सर्वेक्षण सम्बन्धी क्रियाकलाप हुँदै आइरहेको छ।

नेपालमा कृषि तथा वन क्षेत्र पछि थोक तथा खुद्रा व्यापार क्षेत्रको कुल

गार्हस्थ उत्पादनमा योगदान वढी रहेको देखिन्छ। यस क्षेत्रको कुल गार्हस्थ उत्पादनमा करिव १४ प्रतिशत हिस्सा रहेको अनुमान छ। गैह्र कृषि गार्हस्थ उत्पादन तर्फ यस क्षेत्रको योगदान अंश करिव २१ प्रतिशत रहेको अनुमान छ। गरिवी निवारणमा प्रत्यक्ष योगदान पु-याउन सक्ने यस क्षेत्रको रोजगारीको स्थिती अहिले सम्म पनि यकिन गर्न सकिएको छैन। नेपालमा पहिलो पटक गरिन लागेको **ब्यापार सर्वेक्षण, २०६५** यही विषयमा केन्द्रीत रहेको छ। यो सर्वेक्षण मुख्यतया: मुलुक भित्र हुने वस्तुहरुको थोक तथा खुद्रा व्यापार सम्वन्धी क्रियाकलापका बारेमा केन्द्रीत रहेको छ।

ब्यापार सर्वेक्षणबाट प्राप्त हुने तथ्याङ्क तथा सूचकहरुले सरकारलाई बाणिज्य नीतिमा सामयिक सुधार र परिमार्जन गर्न बस्तुनिष्ठ आधार तयार प्रदान गर्दछ। यस सर्वेक्षणबाट प्राप्त नतिजाको विश्लेषण गरी ब्यापार क्षेत्रमा विद्यमान समस्या, चुनौती, संभावना र अवसर समेतको जानकारी हुने भएकोले यो सर्वेक्षण ब्यापार क्षेत्रमा प्रत्यक्ष्य सरोकार राख्ने उद्योगपति, ब्यापारी, अनुसन्धानकर्ता, योजनावीद् तथा नीति निर्माता समेतको लागि उपयोगी हुने अपेक्षा गरिएको छ।

उद्देश्य :

व्यापार सर्वेक्षण, २०६५ का उद्देश्यहरु निम्नलिखित रहेका छन्।

१. मुलुक भित्र थोक तथा खुद्रा व्यापार गर्ने व्यापारिक प्रतिष्ठानहरुको आर्थिक तथा वित्तिय विवरणहरु संकलन गरि यस क्षेत्रको राष्ट्रिय

अर्थतन्त्र तथा रोजगारीमा योगदान एकिन गर्न आवश्यक पर्ने तथ्याङ्क उत्पादन गर्ने ।

२. प्रमूख वस्तुहरु तथा व्यापारको किसिम (थोक तथा खुद्रा व्यापार) अनुसार Trade Margin अनुमानको लागि तथ्याङ्क संकलन गर्ने ।

३. राष्ट्रिय लेखा प्रयोजनको लागि यस क्षेत्रको विद्यमान आम्दानी तथा खर्च, मुल्य अभिवृद्धि, लगानी, रोजगारी, तलव तथा ज्याला, मौज्दात र अन्य आर्थिक विवरणहरु संकलन गर्ने ।

४. योजनाविद् एवं नीति निर्माणकर्ताहरु, उद्योगपति, व्यापारी, अनुसन्धानकर्ता तथा यस क्षेत्रमा सरोकार राख्ने व्यक्तिहरुको लागि आवश्यक पर्ने व्यापार तथ्यांकको खाँचो पूर्ति गर्ने ।

सर्वेक्षणको क्षेत्र तथा दायरा (Scope and Coverage of Survey)

कुनै पनि मुलुकको अर्थतन्त्रको स्तरीय तथा तुलनात्मक अध्ययनका लागि तयार भएका विभिन्न वर्गिकरणहरु मध्ये अन्तराष्ट्रिय स्तरिय औद्यौगिक वर्गिकरण (International Standard Industrial Classification ISIC) पनि एक हो। यसले सम्पूर्ण अर्थतन्त्रलाई विभिन्न खण्ड तथा वर्गहरुमा विभाजन गरि आर्थिक गतिविधिहरुको व्याख्या समेत गरेको छ। ISIC Revision 3 अनुसार राष्ट्रिय अर्थतन्त्रलाई १७ वटा मुख्य खण्डहरुमा विभाजन गरेको पाइन्छ। यी १७ वटा खण्डहरुको मूख्य विभाजन G अन्तरगत बस्तुहरुको थोक र खुद्रा ब्यापार तथा मोटर गाडी, मोटरसाइकल तथा ब्यक्तिगत र घरायसी उपकरणको मर्मत कार्य

(Wholesale and retail trade; repair of motor vehicles, motorcycles and personal and household goods) जस्ता आर्थिक क्रियाकलापहरु पर्दछन्। व्यापार सर्वेक्षणमा बस्तुहरुको थोक र खुद्रा ब्यापार गर्ने ब्यापरिक प्रतिष्ठनहरुको मात्र अध्ययन गर्ने लक्ष्य रहेको छ। ISIC Revision 3 कै आधारमा तयार गरिएको नेपाल स्तरिय औद्यौगिक वर्गिकरण (Nepal Standard Industrial Classification NSIC) को मूख्य विभाजन G अन्तरगत पर्ने बस्तुहरुको थोक र खुद्रा ब्यापार (Wholesale and Retail Trade) गर्ने ब्यापारिक प्रतिष्ठानहरु यस सर्वेक्षणमा समावेस गरिएको छ। यस सर्वेक्षणको दायरामा पर्ने थोक र खुद्रा ब्यापारिक क्रियाकलाप सम्वन्धी विस्तृत विवरणहरु अनुसूची १ मा उल्लेख गरिएको छ।

संकलन गरिने विवरणहरु :

१ ब्यापारिक प्रतिष्ठानको परिचयात्मक विवरण

२ व्यापारिक प्रतिष्ठानको वैधानिक स्थिति

३ मुख्य मुख्य व्यापारिक क्रियाकलापहरु

४ व्यापारिक प्रतिष्ठानको प्रकार

५ व्यापारको किसिम

६ रोजगारी, तलव तथा ज्याला र अन्य सुविधा सम्बन्धी विवरण

७ व्यापारिक प्रतिष्ठानको स्थायी सम्पत्ति सम्वन्धी विवरण

८ वस्तुहरुको खरिद तथा विक्री सम्बन्धी विवरण

९ प्रतिष्ठानले गरेको अन्य आम्दानी सम्बन्धी विवरण

१० व्यापारिक प्रतिष्ठानको मौज्दात सम्बन्धी विवरण

११ व्यापारिक प्रतिष्ठान संचालन खर्च सम्बन्धी विवरण

१२ कर तथा शुल्क सम्बन्धी विवरण

१३ प्रतिष्ठानको वित्तिय कारोवार सम्बन्धी विवरण

१४ व्यापारिक प्रतिष्ठानमा विद्यमान समस्याहरु सम्वन्धी विवरण

ब्यापारिक प्रतिष्ठान (Trade Establishment)

यस सर्वेक्षणमा गणनाको एकाई ब्यापारिक प्रतिष्ठान (Trade Establishment) हो । कुनै सरकारी निकायमा दर्ता भई (Registered) निश्चित ठाँउ (Fixed Location) बाट मुलुक भित्र बस्तुहरुको थोक वा खुद्रा ब्यापार गर्ने (Wholesale or retail trade of goods within the national territory) आर्थिक इकाईलाई ब्यापारिक प्रतिष्ठान भनिन्छ । अर्को शब्दमा भन्दा ब्यापारिक प्रतिष्ठान भन्नाले एउटै प्रसाशनिक नियन्त्रणमा कुनै निश्चित ठाँउबाट आन्तरिक रुपमा बस्तुको थोक वा खुद्रा ब्यापार गर्ने दर्तावाल ब्यापारिक एकाईलाई बुझिन्छ ।

***Trade Establishment**: An economic unit engaged in wholesale or retail trade of goods within the national territory under a single ownership or control, i.e., under a single legal entity at a single fixed location.*

Characteristics:

- *Economic Activity (Trading)*
- *Legal Status (Registered one)*
- *Fixed location (Housed in fixed structure)*

माथि उल्लिखित परिभाषाको आधारमा मुलुक भित्र बस्तुहरुको थोक वा खुद्रा ब्यापार गर्ने ब्यापारिक प्रतिष्ठानहरुको सूचीकरण कार्य सम्पन्न भइसकेको छ। उक्त सूचीकृत प्रतिष्ठानहरुको आधारमा सर्वेक्षणको लागि आवश्यक व्यापारिक प्रतिष्ठानहरुको सूची (Sampling Frame) तयार गरि नमूना छनौट विधीद्वारा व्यापारिक प्रतिष्ठानहरुको छनौट गरि छानिएका ब्यापारिक प्रतिष्ठानहरुमा मात्र प्रश्नावली भर्नु पर्दछ।

सर्वेक्षणको सिमा (Limitation of the Survey)

NSIC को मूख्य विभाजन G मा पर्ने मोटर गाडी, मोटरसाइकल तथा ब्यक्तिगत र घरयसी उपकरणको मर्मतकार्य जस्ता सेवा उत्पादन गर्ने आर्थिक क्रियाकलापहरु यस सर्वेक्षणमा समावेश गरिएको छैन्। यसका साथै निम्न प्रकृतिका खुद्रा पसललाई समेत यस सर्वेक्षणमा समावेस गरिएको छैन।

१. सरकारी निकायमा दर्ता नभएका पसलहरु

२. घुम्ती पसल

३. हाट बजारका पसलहरु

४. सडक तथा पेटी छेंउका पसलहरु

५. नाङ्लो पसल

६. अस्थायी रुपमा टहरो वा छाप्रो बनाई संचालित पसल

सन्दर्भ अवधि

"सन्दर्भ अवधि" भन्नाले व्यापारिक प्रतिष्ठानले गरेको सम्पूर्ण आर्थिक तथा अन्य क्रियाकलापहरूको एक वर्ष अवधिलाई बुझ्नुपर्दछ। **व्यापार सर्वेक्षण, २०६५ को लागि सन्दर्भ अवधि २०६४ श्रावण १ गते देखि २०६५ आषाढ मसान्तसम्मको अवधिलाई तोकिएको छ**। प्रश्नावलीमा त्यसै अवधिको विवरण भर्नुपर्दछ। रोजगारसम्बन्धी विवरणमा कर्मचारीको संख्या लेख्दा प्रश्नावली फाराम भर्दाको दिन प्रतिष्ठानमा कार्यरत कर्मचारीको संख्या लेख्नुपर्दछ। कुनै कर्मचारी विदामा बसेको पाइएमा निज प्रतिष्ठानमा कार्यरत भएको मानी कर्मचारीको संख्या लेख्नुपर्दछ।

गोपनीयता

सर्भेक्षणबाट प्राप्त विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहने छन् र केवल समष्टिगत रुपमा मात्र प्रकाशित गरिने छन्। सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ। केहि व्यवसायीले आफ्नो विवरणको आधारमा कर लाग्ने आशङ्काले पनि सही तथ्याङ्क दिन हिच्किचाउने गरेको पाउन सक्छ। यसकारण, कुनै पनि व्यापारिक प्रतिष्ठानको विवरण व्यक्तिगत रुपमा देखिने गरी प्रकाशनमा ल्याइने छैन र केवल सामूहिक रुपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने कुरामा उत्तरदातालाई विश्वास दिलाउनु पर्दछ।

ब्यापार सर्वेक्षण, २०६५ को प्रश्नावली

बाहिरी पाना (Cover Page)

प्रश्नावलीको बाहिरी पानामा उल्लेख भएको जिल्ला कोड, न.पा./गा.वि.स. कोड र फाराम नम्बर तथ्याङ्क प्रशोधन प्रयोजनको लागि राखिएको हो। तथ्याङ्क संकलन कार्य सम्पन्न भइसके पछि प्राप्त प्रश्नावलीमा विभागबाट उपलब्ध गरिएको लिष्ट बमोजिम सम्बन्धित कोठाहरूमा लेख्नु पर्दछ।

१ व्यापारिक प्रतिष्ठानको परिचयात्मक विवरण

१.०१ प्रतिष्ठानको नाम :

व्यापारिक प्रतिष्ठानको नाम लेख्दा प्रतिष्ठानको रजिष्टर्ड गर्दा लेखिएको नाम वा साइनवोर्डमा लेखिएको नाम स्पष्ट हुने गरि लेख्नुपर्दछ।

१.०२ जिल्ला :

व्यापारिक प्रतिष्ठान सञ्चालनमा रहेको जिल्लाको नाम यहाँ उल्लेख गर्नुपर्दछ।

१.०३. नगरपालिका/गाउँ विकास समिति :

यहाँ व्यापारिक प्रतिष्ठान सञ्चालनमा रहेको नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका वा गाउँ विकास समितिको नाम स्पष्ट खुलाइ लेख्नुपर्दछ।

१.०४. वार्ड नं. :

व्यापारिक प्रतिष्ठान जुन वार्डमा सञ्चालन भईरहेको छ सो वार्ड नं. यहाँ खुलाउनुपर्दछ।

१.०५. टोल/गाउँ :

यो व्यापारिक प्रतिष्ठान जुन टोल/गाउँमा अवस्थित छ सो टोल र गाउँको नाम यहाँ लेख्नुपर्दछ ।

१.०६. PAN No. :

व्यापारिक प्रतिष्ठानको स्थायी लेखा नम्वर (Permanent Account Number PAN) भए यहाँ लेख्नुपर्दछ । यदि स्थायी लेखा नम्वर नभएको व्यापारिक प्रतिष्ठान रहेछ भने यहाँ केहि उल्लेख नगरि खाली छोड्नु पर्दछ ।

१.०७. फोन नं. :

व्यापारिक प्रतिष्ठानले टेलिफोन राखेको भए उक्त टेलिफोन नम्बर यहाँ खुलाउनुपर्दछ ।

१.०८. सम्पर्क कार्यालयको नाम र ठेगाना :

व्यापारिक प्रतिष्ठान सञ्चालन भएको स्थानबाहेक अन्यत्र कुनै ठाउँमा सम्बन्धित प्रतिष्ठानको लेखा राख्ने कार्यालय वा समय समयमा सरकारी कार्य सजिलैसँग उपलव्ध गराउन वा अन्य लेखापढीको लागि स्थापना गरिएको कार्यालय जहाँबाट प्रश्नावली भर्न सहज हुन्छ त्यसै कार्यालयलाई नै सम्पर्क कार्यालय मानिन्छ । यदि त्यस्तो कार्यालय भए सो को नाम, ठेगाना र फोन नम्बर भए सो समेत उल्लेख गर्नुपर्दछ ।

१.०९. **सञ्चालन मिति :**

व्यापारिक प्रतिष्ठानले व्यापार शुरू गरेको मिति यसमा खुलाउनुपर्दछ ।

१.१०. **उत्तरदाताको नाम :**

प्रतिष्ठानमा तथ्यांक संकलन गर्न जाँदा तथ्यांक उपलब्ध गराउने प्रतिष्ठानको आधिकारीक ब्यक्तिको नाम र थर यस महलमा उल्लेख गर्नु पर्दछ ।

२. वैधानिक स्थिति

बैधानिक स्थिती भन्नाले ब्यापारिक प्रतिष्ठान स्थापना गर्दा जुन कानूनी आधारलाई टेकेर सन्चालन भएको हो, सोही कानूनी आधारलाई सम्झनु पर्दछ । यहाँ व्यक्तिगत, सहकारी, प्राइभेट लिमिटेड, साझेदारी र अन्य गरि ५ वटा वैधानिक स्थितीहरु उल्लेख गरिएका छन् । सम्बन्धीत प्रतिष्ठानको वैधानिक स्थिती अनुसार उपयुक्त कुनै एक वैधानिक स्थितीको कोडमा गोलो घेरा लगाउनु पर्दछ ।

(१) व्यक्तिगत :

कुनै एक व्यक्तिले एकलौटीरूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैँले व्यहोर्ने गरी प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अनुसार सञ्चालन गरिएका ब्यापारिक प्रतिष्ठानको वैधानिक स्थिती व्यक्तिगत मानिन्छ ।

(२) सहकारी :

न्यून आय भएका मानिसहरू स्वेच्छापूर्वक, समानता र स्वतन्त्रताको

आधारमा एकआपसमा मिलेर आफ्नो आर्थिक समुन्नतिको लागि सामूहिक प्रयास गर्न स्थापित वोर्ड वा संस्था नै सहकारी हो। यसको मुलमन्त्र "सबैको लागि एक र एकको लागि सबै" हो। सहकारीमा मुनाफा गौण हुन्छ। सुपथ मूल्यमा वस्तु तथा सेवा प्रदान गर्नु सहकारीको मुख्य उद्देश्य हो अर्थात यसमा नाफाको उद्देश्यभन्दा पनि सेवाको उद्देश्य प्रमुख रहेको हुन्छ। माथि उल्लेखित उद्देश्यबाट अभिप्रेरित भएर सहकारी ऐन, २०४८ अनुसार दर्ता भई सञ्चालनमा रहेका व्यापारिक प्रतिष्ठानको वैधानिक स्थिती सहकारी मानिन्छ।

(३) **प्राइभेट लिमिटेड :**

"प्राइभेट लिमिटेड" भन्नाले व्यापारिक प्रतिष्ठानको शेयर र डिबेन्चर शेयरवालाबाहेक जस्ले पनि खरिद बिक्री गर्न नपाउने र प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा व्यवस्था गरेकोमाबाहेक आफ्नो धितोपत्र आफ्नै शेयरवालाहरूबाहेक अन्य व्यक्तिलाई धितोबन्धक राखी वा कुनै किसिमले हक छाड्न नहुने गरि बढीमा ५० जनासम्म मिलेर कम्पनी ऐन, २०६३ अनुसार स्थापित भएको व्यापारिक प्रतिष्ठानलाई सम्झनुपर्दछ। यस्ता प्रतिष्ठानहरूको नामको पछाडी "प्राइभेट लिमिटेड" वा "प्रा.लि." भन्ने शव्द जोडिएको हुन्छ। जस्तैः सिप्रदी ट्रेडिङ्ग प्रा.लि. आदि।

(४) **साझेदारी :**

दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर

गरिएको सम्झौताको आधारमा प्रचलित साझेदारी ऐन वमोजिम खोलिएको ब्यापारिक प्रतिष्ठानको वैधानिक स्थिती साझेदारी मानिन्छ ।

(५) अन्य :

माथि उल्लिखित वैधानिक स्थिति वा कानूनी आधारबाहेक अरू कुनै प्रकारले संगठित भएको प्रतिष्ठानको वैधानिक स्थिति वा कानूनी आधार वा प्रशासनिक व्यवस्थापन पद्धति खुलाउनु परे त्यसलाई अन्यमा खुलाई यसमा समावेश गर्नुपर्दछ ।

३. ब्यापारिक प्रतिष्ठानको प्रकार

यहाँ ब्यापारिक प्रतिष्ठानलाई एकल प्रतिष्ठान र वहु प्रतिष्ठान गरि दुईवटा प्रकारमा विभाजन गरिएको छ । प्रतिष्ठानको प्रकृति हेरि एकल प्रतिष्ठान भए कोड १ र वहु प्रतिष्ठान भए कोड २ मा गोलो घेरा लगाउनु पर्दछ । शाखा, उपशाखा वा मुख्य कार्यालय नभएको प्रतिष्ठान एकल प्रतिष्ठान हो भने जून प्रतिष्ठानको शाखा, उपशाखा वा मुख्य कार्यालय सोही ठाउँमा वा अन्यत्र कतै रहेको छ भने त्यस्तो प्रतिष्ठान वहु प्रतिष्ठान अन्तर्गत पर्दछ । छनौट भएका बहु प्रतिष्ठानको हकमा सो प्रतिष्ठानको केन्द्रीय कार्यालय वा मुख्य लेखा कार्यालयमा सम्पर्क गरि प्रश्नावली भर्नु पर्दछ । कुनै प्रतिष्ठानको शाखा कार्यालयहरुको ब्यापारिक क्रियाकलापको हिसाब किताब अलग अलग राख्ने गरेको भए त्यस्तो प्रतिष्ठानलाई एकल प्रतिष्ठान मानी प्रश्नावली भर्नु पर्दछ ।

४. ब्यापारको किसिम

यहाँ संवन्धित प्रतिष्ठानले गर्ने ब्यापारको किसिम थोक वा खुद्रा कस्तो हो उत्तरदातालाई सोधी थोक भए कोड १ र खुद्रा भए कोड २ मा गोलो घेरा लगाउनु पर्दछ। यदी कुनै प्रतिष्ठानले थोक र खुद्रा दुवै प्रकारको ब्यापार गर्ने भए जसको कारोबारको मात्रा मौद्रिक मूल्यमा वढी छ सोहि अनुसार ब्यापारको प्रकार छुट्याउनु पर्दछ। कुनै प्रतिष्ठानले प्रमुखरुपमा डिलर वा कमिसन एजेन्ट भई ब्यापार गर्ने भए त्यसलाई थोक ब्यापार संझि सोहि अनुसार कोड १ मा गोलो घेरा लगाउनु पर्दछ।

थोक ब्यापार (Wholesale Trade)

नयाँ अथवा प्रयोग भईसकेका वस्तुहरुको रुपान्तर नगरी खरिद गरिएकै हालतमा खुद्रा व्यापारी, औद्योगिक व्यवसायी, संस्थागत तथा व्यवसायिक प्रयोगकर्ताहरु तथा थोक व्यापारीहरुसमेतलाई ठूलो परिमाणमा बस्तुहरुको विक्री गरिने कार्यनै थोक व्यापार हो। यसका अतिरिक्त औपचारिकरुपले डिलर र कमिसन एजेन्टवाट हुने व्यापार समेत थोक ब्यापार अन्तरगत पर्दछ। यस्ता प्रकृतिका कारोवार गर्ने प्रतिष्ठानलाई थोक व्यापार प्रतिष्ठान भनिन्छ।

खुद्रा ब्यापार (Retail Trade)

थोक व्यापारिक प्रतिष्ठानवाट वाट खरिद गरिएकै हालतमा वस्तुलाई स-साना पोका वा इकाईमा छुट्याई उपभोक्ताहरुलाई व्यक्तिगत वा घरायसी उपभोगको (Final Consumption) निमित्त सानो परिमाणमा विभिन्न प्रकारका पसलहरु मार्फत बस्तुहरुको विक्रि गरिने कार्य नै खुद्रा व्यापार

हो । यस्ता प्रकृतिका कारोवार गर्ने प्रतिष्ठानलाई खुद्रा व्यापार प्रतिष्ठान भनिन्छ । किराना पसल, डिपार्टमेण्टल स्टोर, पेट्रोलियम पम्प, स्टोर, स्टल जस्ता पसलहरु खुद्रा व्यापारिक प्रतिष्ठान अन्तरगत पर्दछन् ।

५. प्रमूख ब्यापारिक क्रियाकलापहरु :

ब्यापारिक प्रतिष्ठानले गर्ने वस्तुहरुको थोक तथा खुद्रा विक्री सम्बन्धी आर्थिक गतिविधिहरु नै ब्यापारिक क्रियाकलाप हुन् । अर्को शब्दमा भन्दा NSIC को मुख्य विभाजन G अन्तरर्गत पर्ने ४ अङ्क (Digit) समूहका आर्थिक गतिविधिहरु नै ब्यापारिक क्रियाकलाप हुन् । यहाँ प्रतिष्ठानले गर्ने प्रमूख ब्यापारिक क्रियाकलापहरु उल्लेख गर्नु पर्दछ । कुनै कुनै ब्यापारिक प्रतिष्ठानले एक भन्दा बढि ब्यापारिक क्रियाकलापहरु गरेका हुन सक्दछन् । यस्तो अवस्थामा मौद्रिक मुल्यमा बढी आर्थिक कारोवार हुने NSIC Code अनुसारका बढिमा पाँच वटा फरक फरक प्रमूख ब्यापारिक क्रियाकलापहरु क्रमशः १, २, ३..... गर्दै सम्बन्धीत स्थानमा उल्लेख गर्नु पर्दछ ।

उदाहरणको लागि शिव ट्रेडसले खाद्य पदार्थको थोक विक्री कार्य, खाद्य पदार्थको खुद्रा विक्री कार्य र मट्टितेलको खुद्रा विक्री कार्य गर्दछ । यदि शिव ट्रेडसको कारोवारमा खाद्य पदार्थको थोक विक्री कार्य मौद्रिक मुल्यमा सबैभन्दा बढी त्यसपछि क्रमशः मट्टितेलको खुद्रा विक्री कार्य र खाद्य पदार्थको खुद्रा विक्री कार्य हुने रहेछ भने यहाँ उक्त प्रतिष्ठानको प्रमूख ब्यापारिक क्रियाकलापको रुपमा क्रम संख्या १ मा खाद्य पदार्थको थोक विक्री कार्य, क्रम संख्या २ मा मट्टितेलको खुद्रा विक्री कार्य र क्रम संख्या ३ मा खाद्य पदार्थको खुद्रा विक्री कार्य उल्लेख गर्नु पर्दछ । उल्लिखित प्रत्येक

ब्यापारिक क्रियाकलापहरुको NSIC Code प्रश्नावली भरिसकेपछि कार्यालयमा आई भर्न सकिन्छ ।

६. रोजगारी, तलव तथा ज्याला र अन्य सुविधा सम्बन्धी विवरण :

यस शिर्षक अर्न्तगत ब्यापारी तथा सक्रिय साझेदार, परिवारका सदस्य वा अन्य व्यक्ति, ब्यवस्थापक तथा प्रशासकीय र प्राविधिक कर्मचारी र विक्रिमा संलग्न विक्रेताहरु (Sales Persons) पुरा समय काम गर्ने र आंसिक समय काम गर्ने तलबी वा वेतलवी जूनसुकै किसिमले काम गरेको भएता पनि तिनीहरुको संख्या लिङ्गअनुसार छुट्याई सम्वन्धीत महलमा लेख्नु पर्दछ । कर्मचारीको संख्या उल्लेख गर्दा प्रश्नावली भर्दाको दिन प्रतिष्ठानमा संलग्न व्यक्तिहरूको छुट्टाछुट्टै संख्या उल्लेख गर्नुपर्दछ । छोटो अवधिको बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा, आदि लिई वसेको व्यक्तिलाई पनि कर्मचारीको संख्यामा राख्नुपर्छ । करारको रुपमा काम गर्ने, घरायसी कामदारहरु र कमिशन मात्र प्राप्त गर्ने ब्यक्तिहरुलाई भने यहाँ समावेश गर्नु हुदैंन ।

कर्मचारीको किसिम (महल २) :

(१) ब्यापारी तथा सक्रिय साझेदार :

"ब्यापारी तथा सक्रिय साझेदार" भन्नाले पारिश्रमिक नलिईकन ब्यापारिक प्रतिष्ठानको कार्यमा सक्रियरूपले संलग्न रहने ब्यापारी तथा साझेदारहरूलाई सम्झनुपर्दछ । प्रतिष्ठानमा कार्यरत "ब्यापारी तथा सक्रिय साझेदार" हरूको संख्या लिङ्गअनुसार महल नं. ५ र ६ उल्लेख गर्नु पर्दछ ।

ब्यापारी तथा सक्रिय साझेदारले पारिश्रमिक लिएर प्रतिष्ठानको कुनै कार्य गरेको पाइएमा तिनीहरुको कामको प्रकृति हेरी क्रम संख्या ३, ४, ५ वा ६ मध्ये जुन काम हो सोही अन्तर्गत उल्लेख गर्नु पर्दछ ।

(२) परिवारका सदस्य वा अन्य व्यक्ति :

कुनै पनि प्रकारको पारिश्रमिक नलिई काम गर्ने परिवारका सदस्य वा अन्य व्यक्तिहरूको संख्यालाई यस महल अर्न्तगत लिङ्ग अनुसार पुरूष भएमा महल नं. ५ मा र महिला भएमा महल नं. ६ मा उल्लेख गर्नुपर्दछ । यहाँ परिवारका सदस्य वा अन्य ब्यक्ति प्रतिष्ठानको काममा नियमित रुपमा संलग्न भएमा मात्र तिनीहरुको संख्या उल्लेख गर्नु पर्दछ । कहिलेकाँही मात्र पालो दिने प्रयोजनको लागि प्रतिष्ठानमा संलग्न हुने ब्यक्तिहरु यहाँ उल्लेख गर्नु पर्दैन । परिवारका सदस्य वा अन्य ब्यक्तिले पारिश्रमिक लिएर प्रतिष्ठानको कुनै कार्य गरेको पाइएमा तिनीहरुको कामको प्रकृति हेरी क्रम संख्या ३, ४, ५ वा ६ मध्ये जुन काम हो सोही अन्तर्गत उल्लेख गर्नु पर्दछ ।

(३) व्यवस्थापक :

"व्यवस्थापक" भन्नाले ब्यापारीक प्रतिस्ठानको मुख्य जिम्मेवारी वा अधिकार प्रयोग गर्ने पदमा रहेको व्यक्तिलाई सम्झनुपर्दछ । यस्तो व्यक्ति प्रतिष्ठानमा कार्यरत रहेका रहेछन् भने तिनीहरुको संख्या लिङ्ग अनुसार तलवी वा वेतलवी समेत खुल्ने गरि सम्बन्धीत महलहरुमा उल्लेख गर्नुपर्दछ ।

(४) प्रशासकीय कर्मचारी :

ब्यापारिक प्रतिष्ठानको प्रशासनसम्बन्धी लेखापढी गर्ने, बहिखाता राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, ब्यापारिक प्रतिष्ठानको सुरक्षाका लागि राखिएका सुरक्षा गार्ड, आदि प्रशासकीय कर्मचारी अन्तर्गत पर्दछन् । प्रशासकीय कर्मचारीको संख्या उल्लेख गर्दा तलवी वा वेतलवी छुट्याई लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । तलवी भए महल नं. ३ र ४ मा र वेतलवी भए महल नं. ५ र ६ मा लेखी तिनीहरुको जम्मा संख्या महल नं. ७ र ८ मा उल्लेख गर्नुपर्दछ ।

(५) प्राविधिक कर्मचारी :

कुनै औपचारिक तालिम वा विशेष दक्षता प्राप्त गरेका कर्मचारीहरूलाई प्राविधिक कर्मचारी अन्तर्गत समावेश गर्नुपर्दछ । जस्तैः इन्जिनियर, ओभरसियर, ईलेक्ट्रीसियन आदि । प्राविधिक कर्मचारीको संख्या उल्लेख गर्दा तलवी वा वेतलवी छुट्याई लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । तलवी भए महल नं. ३ र ४ मा र वेतलवी भए महल नं. ५ र ६ मा लेखी तिनीहरुको जम्मा संख्या महल नं. ७ र ८ मा उल्लेख गर्नुपर्दछ ।

(६) विक्रेता (Sales Persons) :

विक्रेता भन्नाले प्रतिष्ठानको खरिद विक्री कार्यमा प्रत्यक्षरुपमा संलग्न हुने कर्मचारीहरू भन्ने बुझिन्छ । ब्यापारिक प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलाप वस्तुहरुको बेचबिखन कार्यमा ग्राहकहरुसंग अन्तरक्रियामा संलग्न हुने कर्मचारीहरु (Sales Persons) नै ब्यापारिक प्रष्ठिानका विक्रेता

हुन्। विक्रेताको संख्या उल्लेख गर्दा तलवी वा वेतलवी छुट्याई लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ। तलवी भए महल नं. ३ र ४ मा र वेतलवी भए महल नं. ५ र ६ लेखी तिनीहरुको जम्मा संख्या महल नं. ७ र ८ मा उल्लेख गर्नुपर्दछ।

तलब :

"कर्मचारीको तलब" भन्नाले ब्यापारिक प्रतिष्ठानमा काम गरेवापत नियमानुसार पाउने नगद वा जिन्सी हो। कर्मचारीहरूले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधि बमोजिम निश्चित समयमा तलब ज्याला पाउने गर्छन।

तलब खुलाउँदा सापटी र सञ्चय कोष कट्टी गर्नुभन्दा अघिको ग्रेड सहितको कुल रकम उल्लेख गर्नुपर्दछ। कतिपय प्रतिष्ठानहरूले आफ्ना कर्मचारीहरूलाई सञ्चय कोष कट्टी भएको रकम बराबर थप गरी सञ्चय कोष जम्मा गर्ने गरेका हुन सक्छन् त्यस्ता कर्मचारीहरूको सञ्चय कोषमा थप गरिएको रकमलाई तलवमा उल्लेख नगरि अलग्गै सञ्चय कोषको महल नं. ३ मा उल्लेख गर्नु पर्दछ। उदाहरणको लागि कुनै कर्मचारीको मासिक तलब ग्रेडसहित रू. ७,०००/- छ तर उसले तलब बुझ्दा रू ५००/- सापटी लिएको रकम फिर्तास्वरूप कट्टी गर्नुका साथै १० प्रतिशत सञ्चय कोष कटाएर जम्मा रू. ५,८००/- मात्र प्राप्त गर्दछ भने उसको तलब खुलाउने महलमा मासिक रू. ७,०००/- को दरले वर्षको रू.८४,०००/- हुन्छ। यदि कुनै कर्मचारीले तलब नगदको सट्टामा

जिन्सीको रूपमा प्राप्त गर्दछ भने उक्त जिन्सीलाई नगदमा रूपान्तरण गरी लेख्नुपर्दछ ।

सञ्चय कोष :

रोजगारदाताले प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई तलवका अतिरिक्त सञ्चयकोष वापत कर्मचारीको खातामा प्रतिष्ठानको तर्फवाट निश्चित रकम थप गरि जम्मा गरिदिन्छ भने यहाँ थप गरिएको वार्षिक रकम सञ्चय कोषको महलमा उल्लेख गर्नु पर्दछ। माथीको उदाहरणमा यदि उक्त प्रतिष्ठानले मासिक रु. ७००/- को दरले वर्षभरिको एकमुष्ठ रकम रु. ८,४००/- सम्बन्धीत कर्मचारीको सञ्चय कोष खातामा जम्मा गर्ने भए उक्त रकम यस महलमा उल्लेख गर्नु पर्दछ ।

कर्मचारी जीवन बीमा

रोजगारदाताले प्रतिष्ठानमा कार्यरत कर्मचारीका नाममा तलव र सञ्चयकोषका अतिरिक्त जीवन बीमा वापत बीमा कम्पनीलाई प्रिमियम रकम जम्मा गरिदिन्छ भने यहाँ जम्मा गरिएको वार्षिक प्रिमियम रकम कर्मचारी जीवन बीमाको महलमा उल्लेख गर्नु पर्दछ ।

अन्य सुविधा :

रोजगारदाताले प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुलाई तलब ज्याला, सञ्चय कोष र कर्मचारी जीवन बीमाका अतिरिक्त अन्य सुविधाहरू पनि दिन सक्दछन् । कर्मचारीहरूलाई तलब ज्याला, सञ्चय कोष र कर्मचारी जीवन बीमामा समावेश नगरी दिइएका अन्य सबै नगदी वा जिन्सी भुक्तानीलाई

अन्य सुविधामा समावेश गर्नुपर्दछ। जस्तैः कर्मचारीलाई दिइएको आवाश सुविधा, लत्ताकपडा सुविधा, जिन्सी सुविधा, उपचार सुविधा, सवारी साधन सुविधा, कर्मचारी दुर्घटना बिमा, उपदान, बच्चाहरूको लागि दिइएका शैक्षिक खर्च, दशैँ खर्च, आदि सुविधाहरूलाई सम्बन्धित हरफहरूमा वार्षिक एकमुष्ट रकम उल्लेख गर्नुपर्दछ।

७. स्थायी सम्पत्तिको विवरण :

"स्थायी सम्पत्ति" भन्नाले बिक्री गर्ने उद्देश्य नलिई केवल प्रतिष्ठान संचालन प्रयोजनको लागि जोड जम्मा गरिएका एक वर्षभन्दा बढी खप्ने भौतिक वस्तुहरूलाई जनाउँछ। स्थायी सम्पत्तिको खरिद रकम लेख्दा उक्त सम्पत्ति ब्यापारिक प्रतिष्ठानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेकोमा सो समेत समावेश गरी एक मुष्ट खुलाउनु पर्दछ। स्थायी सम्पत्तिको वर्गिकरण निम्न बमोजिम गरिएको छ।

(१) जमिन

प्रतिष्ठान प्रयोजनको लागि बनेका घर, गोदाम, प्रशासनिक कार्यालय, आदिले ओगटेको जमिनबाहेक अन्य बाँकी रहेको जमिनको मूल्य यस शिर्षक अन्तर्गत राख्नुपर्दछ।

(२) भवन तथा अन्य निर्माण

यसअन्तर्गत प्रतिष्ठानको प्रयोजनको लागि प्रयोग भई रहेका भवनहरू (गोदाम घर, कार्यालय भवन, भण्डार, आदि) समावेश गर्नुपर्दछ। प्रतिष्ठानले भाडामा वा बन्धकमा लिई राखेको भए त्यस्ता भवन यहाँ समावेश

गर्नुहुँदैन । भवनहरूको मूल्याङ्कन गर्दा भवनहरू र भवनहरू खडा रहेको जमिनको पनि मूल्याङ्कन गर्नुपर्छ । यदि कुनै भवन आवास तथा व्यापारिक दुवै प्रयोजनको लागि रहेछ भने यस्तो अवस्थामा मुख्य रुपले कुन प्रयोजनको लागि हो छुट्टाई यदि व्यापारिक प्रयोजनको लागि भए मात्र यहाँ उक्त भवन पुरैको मूल्याङ्कन गरि उल्लेख गर्नु पर्दछ ।

(३) मेशीनरी र अन्य उपकरण

प्रतिष्ठान सञ्चालनको लागि प्रयोग हुने प्रतिष्ठानको स्वामित्वमा रहेका सबै किसिमका मेशीन, पार्टपूर्जा र मर्मत सम्भार गर्दा प्रयोग गरिने उपकरण यस शिर्षकअन्तर्गत पर्दछन् । उदाहरणको निमित्त जेनेरेटर, फ्रिज ढक तराजु (काँटा), भण्डारणको लागि प्रयोग हुने उपकरण, आदि जस्ता एक वर्षभन्दा बढी खप्ने सामानहरू यसमा समावेश गर्नुपर्दछ । तर भाडामा ल्याएका मेशीनरीका सामानहरू यस अन्तर्गत समावेश गर्नुहुँदैन ।

(४) कम्प्युटर र सफ्टवेयर

प्रतिष्ठान सञ्चालनको लागि प्रयोग हुने प्रतिष्ठानको स्वामित्वमा रहेका कम्प्युटर र सफ्टवेयरको लागत यस शिर्षक अन्तर्गत पर्दछन् ।

(५) यातायातका साधन

प्रतिष्ठान सञ्चालनको लागि प्रयोग हुने प्रतिष्ठानको स्वामित्वमा रहेका सबै आवागमन तथा ढुवानी साधनहरूलाई यातायातका साधन सम्झनुपर्दछ । जस्तैः मोटर गाडी, मोटरसाइकल, साईकल, रिक्सा, गाडा, आदि । तर भाडामा लिई राखेका यातायातका साधनहरू यसमा समावेश गर्नुहुँदैन ।

(६) फर्निचर

यस अन्तर्गत प्रतिष्ठानले ब्यापार ब्यवसाय सञ्चालनको लागि प्रयोग भई रहेका फर्निचर, कुर्सी, टेबुल, दराज, आदि पर्दछन् ।

(७) विक्री प्रयोजन वाहेकका बहुमूल्य वस्तु

यस अन्तर्गत प्रतिष्ठानले विक्री प्रयोजन लागि नभई सजावटका लागि राखिएका बहुमूल्य वस्तुहरु (सुन, चाँदी, हिरा, मोती जस्ता बहुमूल्य धातुहरुबाट तयार गरिएका वस्तुहरु) जस्तै : तस्वीरहरू, मुर्तीहरु, आदि पर्दछन् ।

(८) अन्य

यस अन्तर्गत माथि उल्लेख नभएका अन्य स्थायी सम्पत्तिहरूको रकम एकमुष्ट रूपमा खुलाउनुपर्दछ। जस्तैः Patents, Goodwill, Trademarks आदि ।

माथि उल्लिखित स्थायी सम्पतिका विवरण प्रश्नावलीका देहाय बमोजिमका सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

(१) सन्दर्भवर्षको शुरूमा रहेको स्थायी सम्पत्तिको लागत

सन्दर्भवर्षको शुरूमा प्रतिष्ठानमा रहेको माथि उल्लिखित स्थायी सम्पत्तिको लागत सम्बन्धित महलमा लेख्नुपर्दछ। जस्तैः जमिनको सन्दर्भवर्षको शुरूको लागत मुल्य क्र.सं. १ को महल १ मा उल्लेख गर्नुपर्दछ ।

(२) सन्दर्भवर्षमा थप गरिएको सम्पत्तिको लागत :

माथि उल्लिखित स्थायी सम्पत्तिमा सन्दर्भवर्षभित्र नयाँ वा प्रयोग भई

सकेको कुनै स्थायी सम्पत्ति थप गरिएको भएमा थप सम्पत्तिको लागत रकम क्र. सं. २ को सम्बन्धित महलमा लेख्नुपर्दछ ।

(३) पूँजीगत मर्मतसम्भार गर्दाको लागत :

प्रतिष्ठानका विभिन्न स्थायी सम्पत्तिहरूमा शन्दर्भ अवधीमा अरुवाट भएको प्रमुख मर्मतसम्भार तथा सुधार र जिर्णोद्धार गर्दा लागेको लागत क्र. सं. ३ को सम्बन्धित महलमा लेख्नुपर्दछ। सामान्यतः "पूँजीगत मर्मतसम्भार" भन्नाले स्थायी सम्पत्तिभित्र पर्ने साधनहरूको आयु बढाउने मर्मतलाई बुझ्नुपर्दछ ।

(४) आफ्नै प्रयोगको लागि आफ्नै श्रमशक्तिबाट उत्पादित स्थायी सम्पत्तिको रकम

सन्दर्भ अवधीमा प्रतिष्ठानका विभिन्न स्थायी सम्पत्तिहरूमा आफ्नै श्रमशक्तिबाट मर्मतसम्भार तथा सुधार र जिर्णोद्धार गरेको भए उक्त कामको लागत मुल्याङ्कन गरी अनुमानित रकम क्र. सं. ४ को सम्बन्धित महलमा लेख्नुपर्दछ। लागत मुल्याङ्कन गर्दा त्यही काम अन्य कसैवाट गराउँदा लाग्ने अनुमानित लागत वरावरको रकम यस महलमा लेख्नुपर्दछ ।

(५) स्थायी सम्पत्ति बिक्रीबाट प्राप्त रकम :

प्रतिष्ठानले शन्दर्भ अवधीमा स्थायी सम्पत्तिको विवरणमा परिभाषित गरिए अनुसारका कुनै स्थायी सम्पत्ति बिक्री गरको भए विक्रि वाट प्राप्त रकम सम्बन्धित महलमा लेख्नुपर्दछ। यस प्रकारको रकम खुलाउँदा प्रतिष्ठानले खुद प्राप्त गरेको रकमलाई लिनुपर्दछ। वहु प्रतिष्ठानको हकमा यदि स्थायी

सम्पत्तिहरु आन्तरिकरुपमा स्थानान्तरण भएका भए त्यस्ता सम्पत्तिहरुको मुल्य समेत यस महलमा खुलाउँनु पर्दछ ।

(६) दैवी प्रकोप तथा अन्य कारणबाट स्थायी सम्पत्तिको क्षति :

दैवी प्रकोपबाट माथि उल्लिखित कुनै पनि स्थायी सम्पत्तिको क्षति हुन गएमा सो क्षति बराबरको मूल्य यस शिर्षकअन्तर्गतको सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

(७) सन्दर्भ वर्षमा निर्माणाधिन कामको लागत :

प्रतिष्ठानले व्यापारिक प्रयोजनको लागि कुनै स्थायी सम्पत्तीको निर्माण कार्य शुरु गरि सन्दर्भ अवधीमा सम्पन्न हुन नसकी बाँकी रहेमा जति काम सन्दर्भ अवधीमा भएको हो सोको मुल्यांकन गरी यस शिर्षक अन्तर्गत उल्लेख गर्नुपर्दछ ।

८. वस्तु अनुसार विक्री तथा खरिद सम्बन्धी विवरण

यस शिर्षक अन्तरगत शन्दर्भ अवधीमा प्रतिष्ठानले ब्यापारिक प्रयोजनको लागि खरिद गरिइएका वस्तुहरुको खरिद तथा बिक्री सम्बन्धी विवरण उल्लेख गर्नु पर्दछ । यहाँ प्रतिष्ठानले विक्री गरिने प्रमूख वस्तु अनुसार वस्तुको कोड, उत्पादन कोड, विक्रीको किसिम, प्रति इकाई खरिद तथा विक्री मूल्य, खरिद तथा विक्री गरिएका वस्तुहरुको परिमाण र मूल्य सम्बन्धीत महलहरुमा उल्लेख गर्नुपर्दछ ।

क्रम संख्या (महल नं. १) :

यो महल प्रतिष्ठानले विक्री गरिने वस्तुहरु मध्ये मौद्रिक मूल्यमा सबै भन्दा

बढी विक्री हुने वस्तुहरुको क्रम संख्या उल्लेख हुने महल हो ।

प्रमूख वस्तुहरुको नाम (महल नं. २) :

प्रमूख वस्तु भन्नाले प्रतिष्ठानले विक्री गर्ने वस्तुहरु मध्ये मौद्रीक मूल्यमा सबै भन्दा बढी हिस्सा ओगट्ने वस्तुहरुलाई बुझ्नु पर्दछ । यस महलमा व्यापारिक कारोवारमा सवै भन्दा बढी अंश ओगट्ने त्यस्ता वस्तुहरुको नाम क्रमशः लेख्दै जानु पर्दछ । प्रश्नावली फाराम क्रम संख्या १ देखि १४ सम्म प्रमूख वस्तुहरुको नाम र क्रम संख्या १५ मा अन्य वस्तुहरुको एकमुष्ट विवरण लेख्न सकिने गरि तयार गरिएको छ । यदि कुनै प्रतिष्ठानमा कारोवार हुने वस्तुहरुको संख्या १४ भन्दा बढि भई वस्तुहरुको कारोवार विवरण लेख्न सक्ने स्थिती रहेमा थप प्रश्नावली फाराम प्रयोग गर्न सकिन्छ । **यहाँ प्रश्न नं. ५ को क्र.सं १ मा उल्लेख गरिएको मुख्य व्यापारिक क्रियाकलाप अन्तर्गत मौद्रिक मूल्यमा सबैभन्दा बढी कारोवार हुने वस्तु यस प्रश्नको महल नं. १ को क्र. सं. १ अन्तर्गत नै उल्लेख गर्नुपर्दछ ।** एउटै वस्तुको विभिन्न ब्राण्ड र सोही अनुसार मूल्य समेत फरक पर्न सक्ने भएकोले यहाँ प्रमूख वस्तुको नाम लेख्दा वस्तुहरुको मूल्य तथा गुणस्तरमा तात्विक अन्तर नभएमा त्यस्ता वस्तुहरुलाई एउटै वस्तु मानी नाम उल्लेख गर्नु पर्दछ । वस्तुहरुको मूल्य तथा गुणस्तरमा तात्विक अन्तर भएमा त्यस्ता वस्तुहरुलाई फरक फरक वस्तुहरु मानी ब्राण्ड अनुसारको नाम छुट्टा छुट्टै लहरमा लेख्नु पर्दछ ।

वस्तुको कोड (महल नं. ३) :

यस महलमा महल नं. २ मा उल्लेख गरिएका प्रमूख वस्तुहरुको कोड भर्नु पर्ने हुन्छ। वस्तुहरुको सांकेतिककरण कार्य (Coding) कार्यालयमा सम्पादन गरिने भएकोले तथ्याङ्क संकलनको वेला भर्नु पर्दैन ।

उत्पादनको कोड (महल नं. ४) :

महल नं. २ मा उल्लिखित वस्तुहरु देश भित्रै उत्पादित र देश बाहिर उत्पादन गरि आयत गरिएका हुन सक्छन् । देश भित्रै उत्पादित वस्तु भएमा आन्तरिक उत्पादन र देश बाहिर उत्पादन भई आयात गरिएको भए त्यस्ता वस्तुहरु आयातित वस्तु हुन् । मुलुक भित्र उत्पादित वस्तुहरु आन्तरिक कृषि उत्पादनको रुपमा वा आन्तरिक औद्योगिक उत्पादनको रुपमा बजारमा खरिद विक्री हुन सक्छन् । मुलुक भित्रै उत्पादित कृषिजन्य वस्तुहरु सोझै ग्राहकको खपत वा औद्योगिक उत्पादनको लागि खरिद विक्री भएमा त्यस्ता वस्तुलाई आन्तरिक कृषि उत्पादन मानी कोड नं. १ लेख्ने, मुलुक भित्रै यान्त्रीक वा रसायनिक वा अन्य कुनै प्रकृयाद्वारा प्रशोधन वा रुपान्तर गरि उत्पादित कृषि वा गैह्र कृषिजन्य जुनसुकै वस्तु भएता पनि त्यस्ता वस्तुलाई आन्तरिक औद्योगिक उत्पादन मानी कोड नं. २ लेख्ने र बाह्य मुलुकबाट आयात गरिएका कृषि वा गैह्र कृषिजन्य जुनसुकै प्रकारका वस्तुहरु भएता पनि त्यस्ता वस्तुहरु आयातित वस्तु भएको हुदाँ आयातित वस्तुको कोड नं. ३ लेख्नु पर्दछ ।

विक्रीको किसिम (महल नं. ५) :

महल नं. २ मा उल्लिखित वस्तुहरु प्रतिष्ठानले थोक वा खुद्रा गरि दुई किसिमको मूल्यमा विक्री गर्न सक्ने भएकोले उत्तरदातालाई सोधी सम्बन्धीत वस्तुहरु थोक मूल्यमा विक्री गरिएको भए कोड १ र खुद्रा मूल्यमा विक्री गरिएको भए कोड २ लेख्नु पर्दछ। यदी एउटै वस्तु थोक र खुद्रा दुवै किसिमले विक्री गरिएको भए एउटै वस्तु भएता पनि अलग अलग हरफमा थोक र खुद्रा विक्री दुवै खुल्ने गरि उल्लेख गर्नु पर्दछ।

विक्री तथा खरिद ईकाइ (महल नं. ६ र १०) :

महल नं. २ मा उल्लिखित वस्तुहरु प्रतिष्ठानले खरिद तथा विक्री गर्दा जुन ईकाइमा खरिद तथा विक्री गरिएको हो सो स्पष्ट खुलाई विक्री ईकाइको लागि महल नं. ६ र खरिद ईकाइको लागि महल नं. १० मा उल्लेख गर्नु पर्दछ। यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने खरिद तथा विक्री ईकाइ खुलाउदाँ सम्भव भए सम्म मैट्रिक प्रणाली वा आमरुपमा प्रचलित ईकाइमा उल्लेख गर्नु पर्दछ।

प्रति ईकाइ विक्री तथा खरिद मूल्य (महल नं. ७ र ११) :

महल नं. २ मा उल्लिखित वस्तुहरु प्रतिष्ठानले विक्री तथा खरिद गर्दा महल नं. ६ र १० मा उल्लेख भए अनुसारका ईकाइलाई आधारमानी त्यस्ता वस्तुहरुको प्रति ईकाइ विक्री तथा खरिद मूल्य रुपैँयामा स्पष्ट खुलाई प्रति ईकाइ विक्री मूल्यको लागि महल नं. ७ र प्रति ईकाइ खरिद मूल्यको लागि महल नं. ११ मा उल्लेख गर्नु पर्दछ।

विक्री तथा खरिद परिमाण (महल नं. ८ र १२) :

प्रतिष्ठानद्वारा सन्दर्भ अवधिमा विक्री गरिएका महल नं. २ मा उल्लेख भए बमोजिमका वस्तुहरुको विक्री परिमाण महल नं. ८ मा एकमुष्टरुपमा उल्लेख गर्नु पर्दछ। त्यसैगरि सन्दर्भ अवधीमा खरिद गरिएका वस्तुहरुको परिमाण महल नं. १२ मा एकमुष्टरुपमा स्पष्ट खुलाई उल्लेख गर्नु पर्दछ। खरिदको परिमाण उल्लेख गर्दा महल नं. १० मा उल्लेख गरिएको खरिदको ईकाइ र विक्रीको परिमाण उल्लेख गर्दा महल नं. ६ मा उल्लेख गरिएको विक्रीको ईकाइसँग फरक नपर्ने गरि उल्लेख गरिएको हुनु पर्दछ।

विक्री तथा खरिद मूल्य रु हजारमा (महल नं. ९ र १३) :

प्रतिष्ठानद्वारा सन्दर्भ अवधिमा विक्री गरिएका महल नं. २ मा उल्लेख भए बमोजिमका वस्तुहरुको विक्री परिमाण अनुसारको जम्मा विक्री मूल्य महल नं. ९ मा लेख्नु पर्दछ। त्यसैगरि सन्दर्भ अवधीमा खरिद गरिएका वस्तुहरुको जम्मा खरिद मूल्य महल नं. १३ मा उल्लेख गर्नु पर्दछ। यहाँ खरिद तथा विक्री मूल्य उल्लेख गर्दा रु हजारमा सुन्यान्तर गरि लेख्नु पर्दछ। यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने महल नं. ९ मा हुन आउने जम्मा विक्री मूल्य महल नं. ७ र ८ को गुणनफलसँग र महल नं. १३ मा हुन आउने जम्मा खरिद मूल्य महल नं. ११ र १२ को गुणनफलसँग बराबर हुनु पर्दछ।

महल नं. १ मा उल्लेख गरिएको क्रम संख्या १५ को अन्य वस्तुहरु लेखिएको हरफमा प्रतिष्ठानले सन्दर्भ अवधिमा खरिद विक्री गरेका प्रमूख वस्तुहरु वाहेक अन्य बाकी सबै वस्तुहरुको एकमुष्ट विक्री तथा खरिद मूल्य मात्र

क्रमशः महल नं. ९ र महल नं. १३ मा लेख्नु पर्दछ । यस हरफको छाया पारिएको स्थानमा कुनै विवरण भर्नु पर्दैन ।

प्रतिष्ठानले सन्दर्भ अवधिमा खरिद तथा विक्री गरेका प्रमूख तथा अन्य वस्तुहरुको माथि उल्लेख गरे बमोजिमको विवरण भरिसके पछि कूल जम्मा लेखिएको हरफको सम्बन्धीत स्थानमा विक्री तथा खरिद मूल्यको जोड जम्मा गरि उल्लेख गर्नु पर्दछ ।

९. प्रतिष्ठानले गरेको अन्य आम्दानी :

यस शिर्षक अन्तरगत ब्यापारिक प्रतिष्ठानले सन्दर्भ अवधीमा मूख्य आर्थिक क्रियाकलाप (**वस्तुहरुको थोक वा खुद्रा ब्यापार**) सँगसँगै संचालन गरेका अन्य आर्थिक क्रियाकलापबाट प्राप्त गरेका आम्दानी सम्बन्धी विवरणहरु उल्लेख गर्नु पर्दछ ।

(१) करार वा कमिशनमा अरुको लागि काम गरे वापत प्राप्त रकम :

कतिपय प्रतिष्ठानले पूर्ण वा आँशिकरुपमा अन्य कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको लागि करार, डिलरसिप वा कमिशनमा ब्यापारिक क्रियाकलाप संचालन गरेका पनि हुन सक्छन् । त्यस्ता प्रतिष्ठानले अरुको लागि यस्ता क्रियाकलाप गरिदिए वापत प्राप्त गरेको कमिशन आम्दानी यस अन्तरगत लेख्नुपर्दछ । यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने यदि कुनै प्रतिष्ठानले डिलर वा उत्पादकबाट वस्तुहरु खरिद गरि नाफा मूल्य राखी विक्री गर्ने गरेको रहेछ भने त्यस्ता वस्तुहरुको खरिद विक्री सम्बन्धी विवरण

प्रश्नावलीको खण्ड ८ मा उल्लेख गर्नु पर्दछ। यदि वस्तुहरु विशुद्धरुपमा कमिशन मात्र पाउने गरि करार, डिलरसिप वा कमिशनमा अरुको लागि काम गर्ने गरेको रहेछ भने त्यस वापत प्राप्त हुने वार्षिक रकम यस अन्तरगत उल्लेख गर्नु पर्दछ।

(२) अरुको लागि मर्मत सम्भार गरि दिए वापत प्राप्त रकम :

सन्दर्भवर्षभित्र ब्यापारिक प्रतिष्ठानले अन्य प्रतिष्ठान, संघसंस्था वा व्यक्तिको लागि भवन, मेसिन र उपकरण लगायतका अन्य स्थायी सम्पत्तिहरूमा सानातिना टुटफुट भै मर्मत गर्न मर्मतसम्भार गरिदिएवापत प्राप्त गरेको रकमलाई यस अर्न्तगत लेख्नुपर्दछ।

(३) घर, गोदाम तथा उपकरणहरू भाडामा दिएवापत प्राप्त रकम :

यदि कुनै प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको घर, गोदाम तथा उपकरणहरू भाडामा दिएको रहेछ भने सो वापत प्राप्त रकम यस अर्न्तगत लेख्नुपर्दछ।

(४) जमिन भाडामा दिएवापत प्राप्त रकम :

यदि कुनै प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको जमिन अन्य कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानलाई भाडामा दिएको रहेछ भने सो वापत प्राप्त गरेको आम्दानीलाई यसमा उल्लेख गर्नुपर्दछ।

(५) यातायातको साधन अरूलाई प्रयोग गर्न दिएवापत प्राप्त रकम :

यदि कुनै प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको यातायातका साधन अन्य व्यक्ति वा प्रतिष्ठानलाई भाडामा प्रयोग गर्न दिएको रहेछ भने सोबाट प्राप्त

आम्दानीलाई यस अन्तरगत उल्लेख गर्नु पर्दछ ।

(६) सन्दर्भवर्ष भरिमा प्राप्त अनुदान :

यदि कुनै प्रतिष्ठानले सन्दर्भवर्षभित्र कुनै प्रकारका आर्थिक अनुदान प्राप्त गरेको रहेछ भने वर्षभरिमा प्राप्त गरेको त्यस्तो आर्थिक अनुदान जोडी यस अन्तरगत उल्लेख गर्नुपर्दछ ।

(७) सेवा संचालन र अन्यबाट भएको आम्दानीः

यदि कुनै प्रतिष्ठानले माथि उल्लिखित शिर्षकहरू भन्दा बाहेकका P.C.O. , फोटोकपि, फयाक्स जस्ता सेवाहरु मुख्य ब्यापारिक क्रियाकलाप सँगसगै संचालन गरि आम्दानी गरेको भए त्यसरी प्राप्त गरेको रकम यस अन्तरगत उल्लेख गर्नुपर्दछ । सन्दर्भ अवधीमा दान, चन्दा, पुरस्कार, क्षतिपूर्तिकोरुपमा प्राप्त आम्दानी जस्ता रकम समेत यहाँ उल्लेख गर्नुपर्दछ ।

१०. प्रतिष्ठान संचालन खर्च

(१) प्रतिष्ठान सन्चालन गर्न खरिद गरिएका वस्तुहरु (विक्रीको लागी खरिद गरेका वस्तुहरु वाहेक)

प्रतिष्ठानले ब्यापार गर्ने प्रयोजनको लागि नभई प्रतिष्ठान संचालन गर्नसन्दर्भ वर्षमा खरिद गरिएका वस्तुहरु (जस्तै : प्लास्टीक, झोला, प्याकिङ्ग सामाग्री, स्टेशनरी सामान आदी) को भुक्तानी रकम यस अन्तरगत उल्लेख गर्नुपर्दछ ।

(२) घर, गोदाम तथा उपकरणहरू भाडामा लिएवापत तिरेको रकम :

प्रतिष्ठानले कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको स्वामित्वमा रहेको घर,

गोदाम तथा उपकरणहरू भाडामा लिई प्रयोग गरेको रहेछ भने सो वापत वार्षिकरुपमा भुक्तानी गरेको रकम यस अन्तरगत उल्लेख गर्नुपर्दछ ।

(३) जमिन भाडामा लिएवापत तिरेको रकम :

प्रतिष्ठानले कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको स्वामित्वमा रहेको जमिन भाडामा लिई चलाएको रहेछ भने सो वापत भुक्तानी गरेको रकम यस अन्तरगत उल्लेख गर्नुपर्दछ ।

(४) यातायातको साधन भाडामा लिएवापत तिरेका रकम :

प्रतिष्ठानले कुनै व्यक्ति, संस्था वा प्रतिष्ठानको स्वामित्वमा रहेको यातायातका साधन भाडामा लिई चलाएको भएमा सो वापत तिरेको रकम यस अन्तरगत लेख्नुपर्दछ ।

(५) वस्तुहरूको ढुवानी (यातायात तथा भरिया) खर्च :

प्रतिष्ठानले वस्तुहरु खरिद गर्दा खरिद स्थल देखि पसल, भण्डार वा गोदाम रहेको स्थलसम्म ल्याउँदा ढुवानीवापत लागेको रकम यसअन्तर्गत समावेश गर्नुपर्दछ । तर वस्तु ढुवानी गर्दा प्रतिष्ठानले आफ्नै यातायातका साधन प्रयोग गरेको रहेछ भने त्यस्तो खर्च यस अन्तरगत समावेश हुँदैन । प्रतिष्ठानले रकम भुक्तानी गर्ने गरि सामानहरुको लोड अनलोड गर्दा लागेको भरिया खर्च समेत यसै अन्तरगत लेख्नुपर्दछ । यदि कुनै प्रतिष्ठानले सामान बिक्री गर्दा ढुवानी खर्च समेत ब्येहोर्ने गरि बिक्री गरेको रहेछ भने त्यस्तो यातायात तथा भरिया खर्च समेत यहाँ उल्लेख गर्नुपर्दछ ।

(६) विद्युत तथा पानी महसुल खर्च :

प्रतिष्ठान संचालन गर्नको लागि सन्दर्भ अवधीमा प्रतिष्ठानले विद्युत तथा पानी वापत भुक्तानी गरेको रकम यस अन्तरगत उल्लेख गर्नुपर्दछ ।

(७) इन्धन खर्च

प्रतिष्ठानले ब्यापारिक प्रयोजनको लागि नभई प्रतिष्ठान संचालनको लागि खरिद गरिएको इन्धन जस्तै : मट्टितेल, डिजल, पेट्रोल, ग्यास आदीको भुक्तानी रकम यस अन्तरगत उल्लेख गर्नुपर्दछ। प्रतिष्ठानले बिक्री प्रयोजनको लागि खरिद गरिएको इन्धन वापत भुक्तानी गरेको रकम यहाँ उल्लेख गर्नुपर्दैन ।

(८) चालु र फुटकर मर्मत तथा संभार खर्च

ब्यापारिक प्रतिष्ठानले सन्दर्भवर्षभित्र सानातिना टुटफुट र मर्मतसम्भार वापत भुक्तानी गरेको रकमलाई यस अर्न्तगत लेख्नुपर्दछ। प्रमुख मर्मतसम्भार तथा सुधार र जिर्णोद्धार गर्दा लागेको पुँजीगत मर्मतसम्भार खर्च यहाँ उल्लेख गर्नुपर्दैन ।

(९) निर्जिवन विमा/प्रिमियम :

यदि कुनै प्रतिष्ठानले प्रयोग गरिरहेका पुँजीगत सामान, उपकरण, यातायातका साधन वा प्रतिष्ठान स्वयमका नाममा विमा शुल्क भुक्तानी गर्ने रहेछ भने त्यसरी भुक्तानी गरेको वार्षिक विमा वा प्रिमियम शुल्क वापतको रकम एकमुष्टरुपमा यस अन्तरगत लेख्नुपर्दछ। यहाँ ध्यान दिनु पर्ने कुरा के

छ भने कर्मचारीको बिमाको रकम यस अन्तरगत उल्लेख गर्नुपर्दैन, त्यस्तो रकम तलव भत्ता तथा अन्य सुबिधा सम्बन्धी विवरणको सम्बन्धीत महल अन्तरगत लेख्नुपर्दछ ।

(१०) हुलाक, टेलिफोन, टेलिग्राम, टेलेक्स, ईमेल, इन्टरनेट खर्च, आदि :

प्रतिष्ठानले सन्दर्भ अवधीमा ब्यापार संचालनको क्रममा भुक्तानी गरेको संचार महसुल जस्तै : हुलाक, टेलिफोन, टेलेक्स, ईमेल, इन्टरनेट जस्ता शिर्षकमा भएको खर्च एकमुष्टरुपमा यस अन्तरगत लेख्नुपर्दछ ।

(११) छपाई खर्च :

प्रतिष्ठानले सन्दर्भ अवधीमा ब्यापार संचालनको क्रममा विल, भौचर, आदिमा भएको छपाई खर्च वापतको भुक्तानी गरेको रकम यस अन्तरगत लेख्नुपर्दछ ।

(१२) सल्लाहकार तथा लेखापरीक्षण वापतको खर्च :

यदि कुनै प्रतिष्ठानले आफ्नो व्यवसायसँग सम्बन्धित कुनै प्रकारको कानूनी, प्राविधिक, आदि सल्लाह लिएवापत भुक्तानी गरेको रकम तथा लेखापरिक्षण गराए वापत तिरेको रकम यस अन्तर्गत समावेश गर्नुपर्दछ ।

(१३) एजेण्टलाई दिएको कमिशन तथा व्यापार सहुलियत :

यदि कुनै प्रतिष्ठानले वस्तुहरुको बिक्री वितरण गर्नको लागि एजेण्ट नियुक्त गरेको रहेछ भने त्यस्ता एजेण्टहरूलाई दिएको कुल कमिशन तथा व्यापार सहुलियत वापत भुक्तानी गरेको रकम एकमुष्टरूपमा यस अन्तरगत उल्लेख गर्नुपर्दछ ।

(१४) प्रचारप्रसार तथा ब्यापार प्रवर्द्धन खर्च :

प्रतिष्ठानले वस्तुहरूको बिक्री प्रवर्द्धनको लागि रेडियो, टेलिभिजन, पत्र पत्रिका, आदिबाट विज्ञापन गराएवापत भुक्तानी दिएको रकमहरू यसमा उल्लेख गर्नुपर्दछ ।

(१५) भ्रमण खर्च :

प्रतिष्ठानको नियमित कामको सिलसिलामा प्रतिष्ठानमा कार्यरत कर्मचारी वा अन्य कुनै व्यक्तिलाई भ्रमणमा पठाउँदा लागेको भ्रमण खर्च यस अन्तरगत समावेश गर्नुपर्दछ ।

१६) दान/चन्दा भुक्तानी :

यदि कुनै प्रतिष्ठानले सन्दर्भ अवधीमा कुनै व्यक्ति वा संस्थालाई दान, चन्दा वापत रकम दिइएको रहेछ भने त्यस्ता रकम एकमुष्टरूपमा यस अन्तरगत उल्लेख गर्नुपर्दछ ।

(१७) अन्य खर्च :

माथि उल्लिखित संचालन खर्च शिर्षक नं. १ देखि १६ भित्र नपरेका अन्य प्रतिष्ठान संचालनको क्रममा आईपर्ने खर्चहरू यसमा समावेश गर्नुपर्दछ । जस्तै चियापान, अतिथी सत्कार, उपहार, पुरस्कार जस्ता शिर्षकमा भएका खर्चहरु ।

११. मौज्दात :

निश्चित अवधिमा बिक्री प्रयोजन र ब्यापारिक प्रतिष्ठान संचालन गर्न

खरिद गरिएका नखप्ने वस्तुहरु मध्ये बिक्री वा प्रयोग नभई बाँकी रहेका वस्तुहरुलाई मौज्दात भनिन्छ। यहाँ मौज्दात भन्नाले सन्दर्भवर्षको शुरू तथा अन्त्यमा रहेको मौज्दातलाई बुझ्नुपर्दछ। तसर्थ सन्दर्भवर्ष भन्दा अघिल्लो वर्ष बिक्री वा प्रयोग गरेर बाँकी रहन आएको सामान चालुवर्षमा शुरू मौज्दात हुन आउँदछ भने सन्दर्भवर्षको अन्तमा बिक्री वा प्रयोग गरेर बाँकी रहन आएको सामानलाई सन्दर्भवर्षको अन्त्यको मौज्दात भनिएको छ। *यस सर्भेक्षणाको लागि २०६४ साल श्रावण १ गतेको मौज्दातलाई सन्दर्भवर्षको शुरूको मौज्दात र २०६५ साल आषाढ मसान्तको मौज्दातलाई सन्दर्भवर्षको अन्त्यको मौज्दात मानी तथ्याङ्क संकलन गर्नुपर्दछ।*

मौज्दातको मूल्याङ्कन गर्दा बजार मूल्यको आधारमा (Market Price Basis) मूल्याङ्कन गरि उल्लेख गर्नुपर्दछ।

(१) विक्रिको लागी खरिद गरिएका वस्तुहरुको मौज्दात :

प्रतिष्ठानले ब्यापार गर्ने प्रयोजनको लागि अघिल्लो वर्ष खरिद गरेका वस्तुहरु मध्ये त्यस वर्ष विक्री हुन नसकी सन्दर्भ वर्षको शुरुमा (२०६४ साल श्रावण १ गते) बाँकी हुन आएका वस्तुहरुको बजार मूल्य रु हजारमा महल नं. ३ मा एकमुष्टरुपमा उल्लेख गर्नु पर्दछ। त्यसैगरि सन्दर्भ अवधीमा विक्री हुन नसकी सन्दर्भ वर्षको अन्त्यमा (२०६५ असार मसान्त) बाँकी हुन आएका वस्तुहरुको बजार मूल्य रु हजारमा महल नं. ४ मा एकमुष्टरुपमा उल्लेख गर्नु पर्दछ। महल नं. ३ र ४ मा विवरण भरिसकेपछि सोको अन्तर

(महल नं. ४ - महल नं. ३) निकाली महल नं. ५ मा मौज्दातमा भएको परिवर्तन उल्लेख गर्नु पर्दछ ।

(२) अन्य मौज्दात (इन्धन तथा प्रतिष्ठान सन्चालन गर्न खरिद गरिएका नखप्ने वस्तुहरु) :

प्रतिष्ठानले ब्यापार गर्ने प्रयोजनको लागि नभई प्रतिष्ठान संचालन गर्न अघिल्लो वर्ष खरिद गरेको इन्धन तथा अन्य नखप्ने वस्तुहरु मध्ये त्यस वर्ष खपत हुन नसकी सन्दर्भ वर्षको शुरुमा (२०६४ साल श्रावण १ गते) बाँकी हुन आएका त्यस्ता वस्तुहरुको बजार मूल्य रु हजारमा महल नं. ३ मा एकमुष्टरुपमा उल्लेख गर्नु पर्दछ। त्यसैगरि सन्दर्भ अवधीमा खपत हुन नसकी सन्दर्भ वर्षको अन्त्यमा (२०६५ असार मसान्त) बाँकी हुन आएका त्यस्ता वस्तुहरुको बजार मूल्य रु हजारमा महल नं. ४ मा एकमुष्टरुपमा उल्लेख गर्नु पर्दछ। महल नं. ३ र ४ मा विवरण भरिसकेपछि सोको अन्तर (महल नं. ४ - महल नं. ३) निकाली महल नं. ५ मा मौज्दातमा भएको परिवर्तन उल्लेख गर्नुपर्दछ ।

१२. कर तथा शुल्क सम्बन्धी विवरण

(१) मुल्य अभिवृद्धि कर (भ्याट)

ब्यापारिक प्रतिष्ठानले वस्तुहरुको बिक्री गर्दा सङ्कलन गरेको मूल्य अभिवृद्धि कर रकम र नेपाल सरकारलाई तिरेको मूल्य अभिवृद्धि कर रकम यस अर्न्तगत पर्दछ। प्रतिष्ठानले सन्दर्भ अवधीमा सरकारलाई भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रकमलाई महल नं. ३ मा र सन्दर्भ अवधीमा क्रेताबाट

संकलन गरेको मूल्य अभिवृद्धि कर रकमलाई महल नं. ४ मा उल्लेख गर्नुपर्दछ ।

(२) स्थानिय कर

ब्यापारिक प्रतिष्ठानले व्यवसाय संचालन गरे वापत सन्दर्भ अवधीमा स्थानीय निकाय - जिल्ला विकास समिति/नगरपालिका/गाँउ विकास समितिमा भुक्तानी गरेको कर रकम यस अन्तर्गत पर्दछ ।

(३) नविकरण तथा रजिष्टेशन शुल्क :

सन्दर्भ अवधीमा यदि कुनै प्रतिष्ठानले व्यवसाय नविकरण तथा रजिष्टेशन गरे वापत सरकारी निकायमा कुनै रकम भुक्तानी गरेको भए त्यस्तो रकम नविकरण तथा रजिष्टेशन शुल्क अन्तरगतको महल नं. ३ मा उल्लेख गर्नुपर्दछ ।

(४) अन्य कर तथा शुल्कहरु :

यदि कुनै प्रतिष्ठानले सन्दर्भ अवधीमा क्र.सं. १, २ र ३ मा उल्लिखित रकम वाहेक अन्य कुनै कर वा शुल्कहरु भुक्तानी गरेको भए त्यस्तो रकम यस हरफ अन्तरगत महल नं. ३ मा उल्लेख गर्नुपर्दछ ।

१३. प्रतिष्ठानको वित्तिय कारोवार सम्वन्धी विवरण

यस शिर्षक अन्तरगत प्रतिष्ठानले सन्दर्भ अवधीमा गरेको वित्तिय कारोवार सम्बन्धी विवरणहरु उल्लेख गर्नुपर्दछ। यहाँ वित्तिय कारोवार भन्नाले प्रतिष्ठानले व्यवसाय संचालनको क्रममा शेयर, सुरक्षण (सेक्यूरिटी), वचत पत्र जस्ता वित्तिय क्षेत्रमा गरेको लगानी तथा सोको विक्रीबाट प्राप्त

आम्दानी सम्बन्धी विवरणका अतिरिक्त प्रतिष्ठानले सन्दर्भ अवधीमा लिएको/भुक्तानी गरेको ऋण तथा ब्याज र लाभाँसबाट प्राप्त रकम तथा ब्याज भुक्तानी सम्बन्धी विवरणलाई बुझिन्छ। उल्लिखित शिर्षकबाट लिएको /किनेको/पाएको रकम सम्बन्धीत हरफको महल नं. ३ मा र दिएको/वेचेको/तिरेको रकम सम्बन्धीत हरफ अनुसार महल नं. ४ मा उल्लेख गर्नुपर्दछ।

१४. ब्यापारिक प्रतिष्ठानका मुख्य मुख्य समस्याहरु

ब्यापारिक प्रतिष्ठानले व्यवसाय संचालनको क्रममा विभिन्न प्रकारका समस्याहरू खेपेका हुन सक्दछन। त्यस्ता समस्याहरू मध्ये प्रमूख समस्याहरु जस्तै : पूँजीको कमी, सरकारी नीति, अरूको एकाधिकार, चर्को भाडा, कालो बजार, बन्द हडताल आदी प्रश्नावलीमा दिइएका छन्। प्रतिष्ठानले उल्लिखित समस्याहरु मध्ये मुख्य मुख्य रुपमा महसुस गरेका समस्याहरुलाई प्राथमिकता अनुसार सम्बन्धीत समस्याको कोड नं. लेखिएको महलमा "१, २, ३, ..." गरि अङ्क लेख्नुपर्दछ। यदि यी समस्याहरू भन्दाबाहेकको मुख्य कुनै अन्य समस्या भए क्रम संख्या ८ मा छोटकरीमा प्रष्ट हुने गरी लेखी सोको प्राथमिकता अनुसारको अङ्क कोड नं. लेखिएको महलमा लेख्नुपर्दछ। यदि प्रतिष्ठानमा कुनै समस्या नभएको खण्डमा क्रम संख्या ९ को कोड नं. लेखिएको महलमा ९ अङ्क उल्लेख गर्नुपर्दछ र समस्या लेखिएका क्र. सं १ देखि ८ सम्म को कोड नं. लेखिएको महलमा खाली छोडनु पर्दछ।

अनुसूची १

व्यापार सर्वेक्षणको दायरा

(Based on ISIC)

5010	**मोटर एंव सवारी साधनको थोक एंव खुद्रा बिक्रीको कार्य** **(Sale of motor vehicles)** पुरानो एवं नयाँ मोटर, सवारी साधन जस्तै :- एम्वुलेन्स, कार, भ्यान, जीप, वस, ट्रक, लरी इत्यादीको थोक एवं खुद्रा विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।
5020	***मोटर, सवारी साधनको मर्मत सम्भार कार्य*** **(Maintenance and repair of motor vehicles)** *मोटर, सवारी साधन जस्तै :- एम्वुलेन्स, कार, भ्यान, जीप, वस, ट्रक, लरी इत्यादीको मर्मत सम्भार गर्ने, धुने, पखाल्ने, चम्काउने (Polich) आदि कार्य गर्ने कम्पनी वा वर्कशप वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।*
5030	**मोटर पार्टस्को बिक्री कार्य** **(Sale of motor vehicles parts and accessories)** मोटर पार्टससँग सम्बन्धित सम्पूर्ण सामाग्री एवं सहायक सामाग्रीको थोक एवं खुद्रा विक्री गर्ने कम्पनी वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।

5040	**मोटरसाईकल एंव यसको पार्टस्को विक्रीका साथै मर्मत संभार कार्य** **(Sale, maintenance and repair of motor cycles and related parts and accessories)** मोटर साइकल र यसको पार्ट्स वा सहायक अन्य सामाग्रीको थोक एवं विकीका *साथै मोटरसाइकलको मर्मत सम्भार* गर्ने कम्पनी वा वर्कशप वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् । ***तर निम्न क्रियाकलापहरु यस समूहमा पर्दैनन् ।*** ***मोटर, सवारी साधनको मर्मत समभार कार्य*** *(Maintenance and repair of motor vehicle) - 5020* **मोटर पार्ट्सको बिकी कार्य** *(Sale of motor vehicle parts and accessories) – 5030*
5050	**मोटर जन्य (Vehicles) वस्तुहरुको लागि ईन्धनको खुद्रा विकी कार्य** **(Retail sale of automotive fuel)** मोटर एवं मोटरसाइकलको लागि इन्धन जस्तै :- मोटर स्पिरिट, ग्याँसोलिन, पेट्रोल, तरल पेट्रोल, ग्याँस, मोबिल, सफाइको लागि मट्टीतेल, लुब्रिकेन्ट इत्यादी पेट्रोलियम पदार्थको खुद्रा विकी गर्ने पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् । ***तर निम्न क्रियाकलापहरु यस समूहमा पर्दैनन् ।*** मोटर इन्धनको थोक विकी कार्य *(Wholesale of fuel) - 5141* खाना पकाउने तथा तताउने प्रयोजनको लागि तरल पेट्रोल ग्यासको खुदा विकी कार्य *(Retail Sale of liquified petrolium gas for cooking or heating purpose) -5239* *ग्याँसको उत्पादन कार्य* *(Manufacture of gas) – 4020*

5110	**शुल्क लीई वा करारको आधारमा गरीने थोक विक्री कार्य** **(Wholesale on a fee or contract basis)** आफ्नै वा अरुको जेथा जमानीको प्रयोग गरी कमिशन एजेन्टको रुपमा वा दलालको रुपमा वा लिलामी वा अन्य किसिमले विभिन्न प्रकारका सामाग्रीको थोक विक्री वा खरिदकर्ता एवं विक्री कर्ता बीच मध्यस्थ भई थोक विक्री कार्य गर्ने कम्पनी वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् । ***तर निम्न क्रियाकलापहरु यस समूहमा पर्दैनन् ।*** कमिसन एजेन्ट भई मोटर गाडीको विक्री एवं मर्मतकार्य *(Sale of motor vehicle) – 5010* आफैँले संचालन गरेको थोक विक्री कार्य *(Wholesale trade in own name, whether on own account or on the account of others) – 5121*
5121	**अप्रशोधित कृषी उपज एंव जीवित पशुपंक्षीको थोक विक्री क्रियाकलापहरु** **(Wholesale of agricultural raw materials and live animals)** कृषि उपज जस्तै :- अन्न, गेडागुडी, फलफूल, फूल, वोट बिरुवा, अप्रशोधित सुर्ती, पशुपक्षी, काँचो छाला इत्यादीको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।
5122	**खाद्य पदार्थ, पेय पदार्थ र सुर्तिको थोक विक्री कार्य** **(Wholesale of food, beverage and tobacco)** तयारी फलफूल, तरकारी, दुग्ध उत्पादन सामग्री, अण्डा, खान योग्य तेल, चिनी, चकलेट, कफि, प्रशोधित सुर्ती आदिको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।

5131	**कपडा, लुगा र जुत्ता वा चप्पलको थोक विक्री कार्य** **(Wholesale of textiles, clothing and footwear)** कपडा, सनपाटबाट निर्मित घरायसी कपडा, कपडाका विभिन्न वस्तुहरु, भुवा भएका कपडा, जुत्ताका सामग्री एवं कपडाका अन्य सामग्रीहरुको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।
5139	**अन्य घरायसी सामाग्रीको थोक विक्री कार्य** **(Wholesale of other household goods)** वर्ग ५१३१ मा नपरेका अन्य घरायसी प्रयोजनका वस्तु , सामग्री, मेशीन उपकरणहरु जस्तै :- काट्ने सामान, उज्यालो गराउने वस्तुहरु, रेडियो, टेलिभिजन, सिसा, भित्ते कागज, भुइँ कार्पेट, चिकित्सा एवं औषधी सामग्रीहरु जस्तैः शल्यक्रिया सामग्री, सुगन्धित एवं सौन्दर्यवर्धक सामग्री, साबुन, अन्य सामग्रीहरु जस्तैः कागज, किताव, कापि, पत्रपत्रिका, स्टेशनरी, घडी, खेलौना, गहना, खेलकुद सामग्री, छाला सामग्री इत्यादीको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।
5141	**ठोस, तरल एवं ग्यांस अवस्थाका इन्धन सामाग्रीको थोक विक्री कार्य** **(Wholesale of solid, liquid and gaseous fuels and related products)** ठोस, तरल एवं ग्यांस अवस्थाका इन्धन एवं यससँग सम्बन्धित सामग्रीहरुको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् । तर निम्न क्रियाकलापहरु यस समूह अन्तर्गत पर्दैनन् । मोटरजन्य इन्धनको खुद्रा विक्री कार्य *(Retail sale of automotive fuel) - 5050*

5142	**कोरा धातु एंव धातुको थोक विक्री कार्य** **(Wholesale of metals and metal ores)** प्राथमिक अवस्थाको धातु वा कच्चा पलार्थको रुपमा प्रयोग गरिने कोरा धातु वा धातुको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।
5143	**निर्माणसंग संवन्धित हार्डवेयर, प्लम्विङ्ग एंव तताउने संवन्धि सामाग्रीको थोक विक्री तथा आपूर्ति कार्य** **(Wholesale of construction materials hardware, plumbing and heating equipment and supplies)** प्राथमिक अवस्थामा प्रयोग हुने निर्माण सामग्रीहरु जस्तैः काठ, रङ्गरोगन, बार्निस हार्डवेयरका सामग्री, फिटिङ्ग एवं फिक्चर्सको सामग्री, सिसा, प्लम्विङ्ग आदिसँग सम्बन्धित सम्पूर्ण सामग्रीको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।
5149	**अन्य मध्यवर्ति सामानहरु, पुनः प्रयोगमा आउने खेरफालिएका वस्तुहरुको थोक विक्री कृयाकलापहरु** **(Wholesale of other intermediate products waste and scrap)** मध्यबर्ति रुपमा प्रयोग हुने औद्योगीक रसायन, रासायनिक मल, प्राथमिक रुपमा प्रयोग हुने प्लास्टिक सामाग्री, पुनः प्रयोगमा ल्याइने खेर गएका कपडा, रेशा, धातुका टुक्राहरु इत्यादीको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।

5150	**मेशीन, उपकरण आपूर्तिका सामाग्रीको थोक विक्री गर्ने कृयाकलापहरु** **(Whole sale of machinery equipment and supplies)** मोटरगाडी एवं मोटर साइकल तथा साइकल जस्ता यातायातका उपकरणहरु वाहेक अन्य मेशिनरीहरु जस्तै : कृषि सामाग्री, निर्माण एंव सिभिल इन्जीनियरीङ्गका मेंशिन सामाग्रीहरु, अफीस मेंशिनरी सामग्री, कपडा, काठ वा धातु उद्योगका मेशिनरी र यस्तै प्रकारका आपूर्ती गर्ने अन्य मेशीनरीहरुको थोक विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् । तर निम्न क्रियाकलापहरु यस समूहमा पर्दैनन् । मोटर एवं सवारी साधनको थोक एवं खुद्रा विक्रीको कार्य (Sale of motor vehicles) - 5010 मोटर साइकल एवं यसको पार्ट्सको विक्रीका *साथै मर्मत सम्भार कार्य* (Sale, *maintenance and repair of motorcycles* and releted parts and accessories) – 5040 मोटर पार्ट्सको विक्री (Sale of motor vehicle parts and accessories) - 5030 *मोटर मर्मत* (Maintenance and repair of motor vehicles) – 5020 *व्यक्तिगत तथा घरायसी सामग्रीको मर्मत गर्ने कार्य* (Repair of personal and household goods - 5260
5190	**अन्य सामाग्रीको थोक विक्री कार्य** **(Other Wholesale)** थोक व्यापार सम्बन्धमा अन्यत्र वर्गिकरणमा नपरेका विशेष प्रकारका तथा कुनै खास विशिष्टीकरण वाहेकका विभिन्न सामग्रीरुको थोक विक्री गर्ने कम्पनी वा पसल र यहि समुहको वस्तु भनी किटान गरेका विभिन्न वस्तुको कुल आम्दानी (प्राप्ती) को ५० प्रतिशत भन्दा कम आम्दानी प्राप्त हुने सामानको थोक विक्री गर्ने क्रियाकलापहरु यस समूहमा पर्दछन् ।

5211	**खाद्य, पेय एंव सुर्तीजन्य पदार्थको प्रधानता रहेको सामान्य पसल वा जनरल स्टोरहरुमा खुद्रा विक्री कार्य** **(Retail sale in non-specialized stores with food, beverages or tobacco predominating)** विशेष गरि खाद्य, पेय पदार्थ एंव सुर्तीजन्य सामाग्रीहरुको प्रधानता रहेका जनरल स्टोरहरुमा यी सामग्रीका साथै अन्य सामग्री जस्तैः तयारी पोशाक, फर्निचर, विशेष प्रकारका घरायसी सामग्री, हार्डवेयर सामग्री, सौन्दर्यवर्धक (कसमेटिक)सामग्री इत्यादिको खुद्रा विक्री गर्ने कम्पनी वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् । *तर निम्न क्रियाकलापहरु यस समूहमा पर्दैनन्* *विविध सामग्री भाडामा लगाउने कार्य* *(Renting of personal and household goods n.e.c.) – 7130*
5219	**सामान्य पसल वा जनरल स्टोरहरुमा अन्य सामाग्रीहरुको खुद्रा विक्री कार्य** **(Other retail sale in non specialized stores)** खाद्य, पेय पदार्थ र सुर्तिजन्य सामग्रीको प्रधानता नरहेको तर यसका साथै अन्य सामाग्रीहरु जस्तै तयारी पोशाक, फर्निचर, विशेष सामग्री, हार्डवेयर, सौन्दर्यवर्धक (कसमेटिक) सामग्री, गहना, खेलौना, खेलकुद सामग्रीहरु, ती सामग्रीको भिन्न भिन्न भाग *(Section)* मा राखी साधरणतया डिपार्टमेण्टल स्टोरहरुमा एउटै व्यवस्थापनवाट संचालित भई गरीने खुद्रा विक्री गर्ने डिपार्टमेन्टल स्टोर वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।

5220	**विशिष्टीकरण गरिएका खास स्टोरहरुमा खाद्य, पेय एंव सूर्ती जन्य सामाग्रीको खुद्रा विक्री कार्य** **(Retail sale of food, beverages and tobacco in specialized stores)** ताजा फलफूल एवं तरकारी, दुग्ध उत्पादन, अण्डा, मासु वा मासुजन्य पदार्थ, माछा, चिनी, कन्फेक्सनरी, पाउरेटी वा मिष्ठान, पेय पदार्थ, सुर्ती जन्य उत्पादन वा अन्यत्र वर्गिकरणमा नपरेका खाद्य पदार्थ इत्यादी कुनै एक सामग्रको विशिष्टीकरण गरिएका खास स्टोरहरु मार्फत खुद्रा विक्री गर्ने डिपार्टमेण्टल स्टोर वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरु यस समूहमा पर्दछन् ।
5231	**औषधी र औषधी जन्य सामाग्री, सौन्दर्यवर्धक एंव सफाई सामाग्रीको खुद्रा विक्री कार्य** **(Retail sale of pharmaceutical and medical goods, cosmetic and toilet articles)** औषधि, चिकित्सा, हाड-मासुको चिकित्सा सामग्री, सुगन्धीत एवं सौन्दर्यवर्धक सामग्री, धुने सफाइ गर्ने साबुन इत्यादी जस्ता सामग्रीहरुको लागि भनी तोकिएका खुद्रा व्यापार गर्ने मेडिकल स्टोर वा जनरल स्टोर वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरुलाई यस समूह अन्तर्गत राखिएको छ । तर निम्न क्रियाकलापहरु यस समूहमा पर्दैनन् । अन्य सामानको थोक विक्री कार्य (Other wholesale) - 5190
5232	**कपडा, तयारी कपडा, जुत्ता र छालाका सामाग्रीहरुको खुद्रा व्यापार कार्य** **(Retail sale of textiles, clothing, footwear and leather goods)** कपडा, तयारी कपडा, भुवा भएका वस्तुहरु, कपडाका सहायक सामग्रीहरु, जुत्ता र छालाका सामग्री एवं यात्रा गर्दा प्रयोग गरिने सरसामग्रीहरु इत्यादीका लागि तोकिएका खुद्रा व्यापार गर्ने जनरल स्टोर वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरुलाई यस समूह अन्तर्गत राखिएको छ ।

5233	**घरायसी प्रयोजनका विभिन्न प्रकारका सामाग्रीहरु तथा उपकरणहरुको खुद्रा व्यापार कार्य** **(Retail sale of household appliances, articles and equipment)** घरायसी प्रयोजनका विभिन्न प्रकारका सामग्रीहरु जस्तै फर्निचर, विभिन्न मेशीन यन्त्र उपकरण सामग्री, भाँडावर्तनहरु, काट्ने सामग्री, गीलास, कप प्लेट, रेडियो, टेलिभिजन, टेप, सङ्गीत सामग्री, काष्ठ सामग्री, बिजुलीका सामग्री, पर्दा, तन्ना, भुल जस्ता कपडाका सामग्रीहरु इत्यादी जस्ता अन्यत्रको वर्गिकरणमा उल्लेख नभएका सामग्रीहरुका लागि भनी तोकी गरिएका खुद्रा व्यापार गर्ने जनरल स्टोर वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरुलाई यस समूह अन्तर्गत राखिएको छ । तर निम्न क्रियाकलापहरु यस समूहमा पर्दैनन् । घरायसी सामानको थोक विक्रेता (Wholesale of other household goods) -5139
5234	**हार्डवेयर, रंगरोगन, शीशा सामाग्रीको खुद्रा विकी कार्य** **(Retail sale of hardware, paint and glass)** हार्डवेयरका सामग्री, रङ्गरोगन, वारनीस, सिसा, विभिन्न प्रकारका निर्माण सामाग्रीहरुको लागि भनी तोकी गरिएका खुद्रा व्यापार गर्ने जनरल स्टोर वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरुलाई यस समूह अन्तर्गत राखिएको छ ।
5239	**विशिष्टीकरण गरिएका अन्य प्रकारका सामाग्रीहरुको खुद्रा विकी कार्य** **(Other retail sale in specialized stores)** कार्यालय प्रयोजनका विभिन्न प्रकारका सामग्रीहरु जस्तै कम्प्यूटर सफ्टवेयर, किताव, पत्रपत्रिका, स्टेशनरी, फोटोग्राफिक सामग्रीको, सफाई सामग्रीको, भित्ते कागज, भुईको कार्पेट, घडी, गरगहना, खेलकुद सामग्री, खेलौना, फुल विरुवा, घरपालुवा जनावर, खाना पकाउने तताउने इन्धन आदि अन्यत्रको वर्गिकरणमा नपरेका सामग्रीहरुको लागि भनी तोकीएका खुद्रा विक्री गर्ने जनरल स्टोर वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरुलाई यस समूह अन्तर्गत राखिएको छ ।

5240	**एक पटक प्रयोग भईसकेका सामग्रीहरुको पुनः विक्री गर्ने पसल** **(Retail sale of second hand goods in store)** एक पटक प्रयोग भइ विभिन्न कारणबाट पुनः बेच्न वा धरौटीको रुपमा राखिने सामग्रीहरुलाई खुद्रा रुपमा बेच्ने जनरल स्टोर वा पसल वा यससँग सम्बन्धित क्रियाकलापहरुलाई यस समूह अन्तर्गत राखिएको छ ।
5252	***स्टलमा वा वजार मार्फत सामग्रीहरुको खुद्रा विक्री कार्य*** ***(Other sale via stalls and market)*** ***जुनसुकै प्रकारका उत्पादन सामग्रीहरु स्टलमा वा घुम्ती पसलका रुपमा, सडक पेटी, सार्वजनिक स्थलमा विक्री प्रतिनिधि मार्फत खुद्रा विक्री गरिने कार्यलाई यस समूह अन्तर्गत राखिएको छ ।***
5259	***हाट वजार वा मेलामा राखी बिक्री गरीने पसलहरु*** ***(Other non-store retail sale)*** ***अन्यत्रको वर्गिकरणमा नपरेका सवैप्रकारका उत्पादन सामग्रीहरुको खुद्रा विक्री गर्ने कार्य जस्तै विक्री प्रतिनिधि घर घरमा गई वा कार्यालयहरुमा गई वा हाटवजार वा मेलामा वेच्ने वा शुल्क लीई वा करारका आधारमा भेण्डङ्ग (विक्री) मेशिन प्रयोग गरिने खुद्रा विक्री गर्ने वा यससँग सम्बन्धित क्रियाकलापहरुलाई यस समूह अन्तर्गत राखिएको छ ।*** ***तर निम्न क्रियाकलापहरु यस समूह अन्तर्गत पर्दैनन् ।*** ***पसलमा गरिने सामन्य खुद्रा विक्री कार्य*** ***(Non specialised retail trade in stores) – 521*** ***खास पसलहरुमा खाद्य, पेय एवं सुर्तीजन्य सामग्रीको खुद्रा विक्री कार्य*** ***(Retail sale of food, beverages and tobacco in specialised stores) – 522*** ***खास पसलहरुमा नयाँ प्रकारका सामग्रीको खुद्रा विक्री कार्य*** ***(Other retail trade of new goods in specialised stores) – 523***

5260	*समाग्रीको मर्मत गर्ने कार्य* ***(Repair of personal and household goods)*** *उत्पादक वा थोक विक्रेता वा खुद्रा विक्रेताको सहयोग वा सम्बन्ध विना नै व्यक्तिगत वा घरायसी सामग्रीको मर्मत गर्ने व्यक्तिगत वा घरायसी पसल वा यससंग सम्वनधित क्रियाकलापहरुलाई यस समूह अन्तर्गत राखिएको छ ।*

<u>नोट</u> : माथि छड्के अक्षरमा **(Itlatic)** लेखिएका आर्थिक क्रियाकलापहरु गर्ने ब्यापारिक प्रतिष्ठानहरु यस सर्वेक्षणमा समावेस गरिएको छैन ।